आर्थिक बर्ष २०७४/०७५ को

# आर्थिक ऐन

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

प्रदेश नं. ५

२०७४

# माण्डवी गाउँपालिकाको आर्थिक ऐन २०७४

**माण्डवी गाउँपालिको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७४**

**प्रस्तावनाः** माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम माण्डवी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (२) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि माण्डवी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची : १

### एकीकृत सम्पत्ति करका दर

| क.सं. | विवरण | लगाउन सक्ने दर | वार्षिक करका दर | कैफियत |
|---|---|---|---|---|
| | एकलाख रुपैया सम्म | | कर छुट दिने | |
| १ | १ लाख १ देखि ५लाख सम्म | ०.०२% देखि ०.४% | ०.०२% | |
| | ५ लाख १ देखि १० लाख सम्म | | ०.०४% | |
| | १० लाख १ देखि २० लाख सम्म | | ०.०६% | |
| | २० लाख १ देखि ३० लाख सम्म | | ०.०८% | |
| | ३० लाख १ देखि ४० लाख सम्म | | ०.१% | |
| | ४० लाख १ देखि ५० लाख सम्म | | ०.१२% | |
| | ५० लाख १ देखि ७० लाख सम्म | | ०.१४% | |
| | ७० लाख १ देखि १ करोड सम्म | | ०.१६% | |
| | १ करोड १ देखि २ करोड सम्म | | ०.२% | |
| | २ करोड १ देखि ५ करोड सम्म | | ०.३% | |
| | ५ करोडभन्दा माथि | | ०.४% | |

जिल्ला मालपोत कार्यालयको निर्धारित मुल्याङ्नलाई आधार मानी एकीकृत सम्पत्ति कर लगाउने प्रयोजनको लागि माण्डवी गाउँपालिकाले गाउँ क्षेत्रलाई देहाय बमोजिम क्षेत्र विभाजन गरेको छ ।

**माण्डवी गाउंपालिकाको मोटरबाटो संग नजोडिएको बजार क्षैत्र भित्र नपर्ने वडाहरूको जग्गाको न्यूनत्तम मूल्य प्रतिरोपनीमा**

| क्र.सं. | वडा नं. | साविक | किसिम | अबल | दोयम | सिम | चाहार | प्रति/बांझो/खर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | तिराम(१,४) | खेत | ७०,०००।०० | २५,०००।०० | २०,०००।०० | १५,०००।०० | ५,०००।०० |
| | | | पाखो | ३०,०००।०० | २०,०००।०० | १५,०००।०० | १०,०००।०० | |
| २ | १ | तिराम(२,३) | खेत | १,२५,०००। | १,१०,०००। | ८५,०००।०० | ७५,०००।०० | ५,०००।०० |
| | | | पाखो | ४०,०००।०० | ३०,०००।०० | २०,०००।०० | १५,०००।०० | |
| ३ | २ | मर्कावागं( १,२,३,४,५,६,७,८) | खेत | १,२०,०००। | ८०,०००।०० | ५०,०००।०० | ३०,०००।०० | ५,०००।०० |
| | | | पाखो | ४०,०००।०० | ३५,००० | २५,०००।०० | १५,०००।०० | |
| ४ | २ | मर्कावागं(९) | खेत | १,२५,०००। | १,१०,०००। | ८५,०००।०० | ७५,०००।०० | ६,०००।०० |
| | | | पाखो | ८०,०००।०० | ७०,०००।०० | ६०,०००।०० | ५०,०००।०० | |
| ५ | ३ | नयांगाउं | खेत | १,००,०००। | ८५,०००।०० | ७५,०००।०० | ५५,०००।०० | ६,०००।०० |
| | | | पाखो | ४५,०००।०० | ४०,०००।०० | ३५,००० | ३०,०००।०० | |
| ६ | ४ | उदयपुरकोट | खेत | ६०,०००।०० | ५०,०००।०० | ४०,०००।०० | ३०,०००।०० | ५,०००।०० |
| | | | पाखो | ५०,०००।०० | ४०,०००।०० | ३०,०००।०० | २०,०००।०० | |
| ७ | ५ | रम्दी | खेत | १,२०,०००। | १,१०,०००। | १,००,०००। | ८०,०००।०० | ६,०००।०० |
| | | | पाखो | ५०,०००।०० | ४०,०००।०० | ३०,०००।०० | २०,०००।०० | |
| | | | | | | | | |

**माण्डवी गाउँपालिकाको तपशिल बमोजिम वाडाहरुमा बजार क्षेधत्रमा पर्ने  माटरबाटो दायाँबायाँ दुबै तर्फको घडेरी जग्गाको मुल्याङकन ।**

**१) वडा कार्यालय  तिराम**

(क) साविकको तिराम  गा.वि.स. वाडा नं ३ र ४ को पक्की सडकको दायाँबायाँ प्रति रोपनी रु ४,००,०००।- मात्र।

(ख) साविक तिराम गा.वि.स. वाडा नं २ र ३ कुमालटार कोन्द्राचौर मुर्कुटी सडकको दायाँबायाँको जग्गा प्रति रोपनी रु २,००,०००।- मात्र ।

(ग) तिराम गा.वि.स वाडा नं १ र ३ देविस्थान घोराहि  सडकको दायाँबायाँ जग्गा प्रतिरोपनि  २,००,०००।- मात्र ।

(घ) तिराम गा.वि.स. वाडा नं २ र ३ आन्तरिक सडक डाम्रीखोला गणेश मा.वि. सडकको दायाँबायाँ जग्गा प्रति रोपनि रु १,००,०००।- मात्र ।

(ङ) तिराम गा.वि.स. वाडा नं २ खैरेनि गणेश मा.वि  सडक प्रतिरोपनि रु १,००,०००।- मात्र ।

(च) तिराम गा.वि.स वाडा नं २ र ३ पिपलडाँडा गणेश मा.वि सडक प्रतिरोपनि रु १,००,०००।- मात्र ।

(छ) तिराम गा.वि.स वाडा नं १ लामा पोखरी चर्पिङ डाडा सडक प्रतिरोपनि रु १,००,०००।- मात्र ।

**२) वडा कार्यालय मर्कावाङ**

(क) साविकको मर्कावाङ वडा नं ४ को हेल्थपोस्ट देखि गा.वि स भवन छात्रावास देखि पश्चिम ठाडो खोल्सी सम्को मोटरबाटो दायाँबायाँ प्रतीरोपनि रु ३,००,०००।- मात्र ।

(ख) साविकको मर्कावाङ गा.वि.स. वडा नं. ९ को खुक्ली खोलादेखि ढिकावन सम्मको मोटरबाटो  दायाँबायाँ प्रतिरोपनी रु २,००,०००।- मात्र ।

(ग) साविकको मर्कावाङ वडा नं ४ सालघारी खेतदेखि सुन्नानी मा. वि. सम्मको छात्रावाससम्मको मोटरबाटोले छोएको प्रतिरोपनी रु २,००,०००। मात्र ।

(घ) सीवकको मर्कावाङ वडा नं ३ दोबाटो देखी ४ सालघारी खेतसम्म सम्मको मोटरबाटो दायाँबायाँ प्रतीरोपनी रु ५,००,०००। मात्र ।

(ङ) सावीकको मर्कावाङ वडा नं ४ को ठाडो खोल्सी गुवे खोलादेखी वडा नं ४ को सिमाना सम्मको मोटरबाटोको दायाँबायाँ प्रतिरोपनि रु १,००,००० मात्र

(च) वडा नं ५ सिमल गैरा देखी मर्कावागं ६ र ७ हुदै दाङको सिमानासम्मको सडकको दायाँबायाँ प्रतिरोपनि रु ५०,०००। मात्र ।

(छ) कुमालटार मुकचौर सडक अन्तर्गत मर्कावाङ ९ खुक्ली खोलादेखि उदयपुरकोटको सीमानासम्मको दायाँबायाँ जग्गाको प्रतिरोपनी रु २,००,०००। मात्र

(ज) देविस्थान तिराम मुर्कुटी घोराही सडक अर्न्तगत मर्कावाङ १ र २ वडामा पर्ने सडकको दायाँबायाँ प्रतिरोपनी रु १,००,०००। मात्र

**३) वडा कार्यालय नयाँगाउँ**

(क) साविक नयाँगाउ गा.वि. स. वडा नं. ५, ६ , ७ ,८, ९ को मोटरबाटो दायाँबायाँ जग्गाको प्रतिआना रु ६०,०००। मात्र

(ख) साविकको नयाँगाउँ गा.वि स वडा नं १ देविस्थान नयाँगाउ बजार जस्पुर बजारसम्म मोटरबाटोमा पर्ने जग्गाको प्रतिआना रु १,००,०००। मात्र

(ग) नयाँगाउ गा. वि. स. वडा नं. ३ र ४ दारिमचौर क्षेत्रको मोटरबाटो दायाँबायाँ पर्ने जग्गाको प्रतिआना रु ६०,०००। मात्र

**४) वडा कार्यालय रम्दी**

(क) साविकको रम्दी गा.वि. स वडा नं ५ मोटरबाटो दायाँबायाँ र बजार क्षेत्रमा पर्ने जग्गाको प्रतिआना रु ५५,०००।

(ख) सावीकको रम्दी गा.वी स वडा नं ८ माण्डवी पुलदेखी पिपल चौतारासम्मको जग्गाको प्रतिआना रु ५५,०००।

## घरतर्फको मुल्याङ्कन

**घर तर्फको मुल्याङ्कन निम्न बमोजिम पारित गरिएको छ। घरको मुल्याङ्कन गर्दा १० देखि २० प्रतिशतसम्म ह्रास कट्टी गरीनेछ।**

| क.सं. | विवरण | प्रति वर्ग फिट | कैफियत |
|---|---|---|---|
| १ | सबै प्रकारका छत ढलान भएको पक्की घर को मुल्य निर्धारण | ७०० | न्युनतम |
| २ | सिमेन्ट ढुगां, ईटा को, जडान गरी जस्ता,टाइल छानो भएको दुइ तले घर मुल्य निर्धारण | २ लाख ५० हजार | ,, |
| ३ | सिमेन्ट ढुगां, ईटा को, जडान गरी जस्ता,टाइल छाना भएको एकतले घरको मुल्य निर्धारण | १ लाख ५० हजार | ,, |
| ४ | ढुगां,माटो को जडान भएको र माटो ले पोतेको जस्ताको छाना भएको दुइ तले घरको मुल्य निर्धारण | २ लाख मात्र | ,, |
| ५ | ढुगां,माटो को जडान भएको र माटो ले पोतेको जस्ताको छाना भएको एक तले घरको मुल्य निर्धारण | १ लाख मात्र | ,, |
| ६ | ढुगां,माटो को जडान भएको र माटो ले पोतेको फुसको छाना भएको दुइतले घर को मुल्य निर्धारण | १ लाख मात्र | ,, |
| ७ | ढुगां,माटो को जडान भएको र माटो ले पोतेको फुसको छाना भएको एकतले घर को मुल्य निर्धारण | ५० हजार मात्र | ,, |
| | | | |

# अनुसूची : २

**मालपोत तथा भुमि करका दर**

| क.सं. | | खेत तर्फ | | | | पाखो तर्फ | | | | खरबारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जग्गाको किसिम | अव्वल | दोयम | सिम | चहार | अव्वल | दोयम | सिम | चहार | |
| २ | खेत पाखो ५ रोपनी भन्दा माथि १५ सम्म | १५ | १२ | १० | ८ | १२ | १० | ६ | ५ | ४ |
| ३ | खेत पाखो १५ रोपनी भन्दा माथि २५ सम्म | २० | १५ | ११ | १० | २० | १५ | ११ | १० | ८ |
| ४ | खेत पाखो २५ रोपनी भन्दा माथि ५० सम्म | २५ | २२ | २० | १६ | २२ | २० | १६ | १५ | १० |
| ५ | ५० रोपनी भन्दा माथि | ३० | २८ | २५ | २२ | २७ | २५ | २१ | २० | १४ |

# अनुसूची : ३
## वहाल कर

**गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिमको वहाल कर लगाइने छ ।**

| सि.नं | विवरण | करका दर (रु) |
|---|---|---|
| 1 | भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर वा पोखरी पूरै वा आंशिक रुपले वहालमा दिएकोमा | १२% |

# अनुसूची : ४
## व्यवसाय कर

**१.व्यापारीक वस्तुहरु**

**क) चुरोट तथा रक्सी जन्य पदार्थ हार्डवयर र ज्वैलस सँग सम्वन्धित वस्तुहरुको व्यापार व्यावसाय (मदिरा र कोल्ड ड्रिक्स सहितको किराना पसल समेत)**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख देखि ३ लाख सम्म | ५०० | |
| २ | ३ लाख १ देखि १५ लाख सम्म | १००० | |
| ३ | १५ लाख १ देखि १ करोड सम्म | २००० | |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | ५००० | |
| ५ | ५ करोड १ देखि माथी | ९००० | |

**ख) क्यामरा, टेलिभिजन,चस्मा लगायतका विद्युतीय सामाग्री (सिडी प्लेयर्स, कम्प्युटर सामाग्री समेतका व्यावसायहरु)**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख सम्म | ५०० | |
| २ | ५ लाख १ देखि २० लाख सम्म | १००० | |
| ३ | २० लाख १ देखि १ करोड सम्म | २००० | |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | ४००० | |
| ५ | ५ करोड १ देखि माथि | ८००० | |

ग) ट्याक्टर विक्री,कार, जिप, अटोमोवाईल्स, मोटरपार्टस, मोटरसाईकल, मिल मेसिनरी आदि

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | १००० | |
| २ | १ लाख १ देखि ५ लाख सम्म | २००० | |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | २७०० | |
| ४ | १० लाख १ देखि २० लाख सम्म | ३५०० | |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ४५०० | |
| ६ | १ करोड १ देखि माथि | ८००० | |

घ) किताब, कापी तथा स्टेशनरीसँग सम्बन्धित व्यवसाय ( किराना व्यवसाय समेतको हकमा)

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ५० हजार रुपिया सम्म | १०० | |
| २ | ५० हजारदेखि १ लाख समम | २०० | |
| ३ | १ लाख १ देखि ३ लाख सम्म | ४०० | |
| ४ | ३ लाख १ देखि ५ लाख सम्म | ६०० | |
| ५ | ५ लाख १ देखि २० लाख सम्म | १००० | |
| ६ | २० लाख १ देखि २५ लाख सम्म | १५०० | |
| ७ | २५ लाख १ देखि माथि | २००० | |

ङ) कृषिसँग सम्वन्धित व्यवसायको हकमा (कृषि फर्म, गाईपालन, सुंगुरवंगुर पालन, वाखा पालन आदि) कृषि सामाग्री औजार मल विउ गाई, माछा, दाना, चोका कुखुरा दाना पशुपंक्षी आहार)

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख रुपैया सम्म | २०० | |
| २ | १ लाख १ देखि ३ लाख सम्म | ३०० | |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | ४०० | |

| | | | |
|---|---|---|---|
| ४ | ५ लाख १ देखि २० लाख सम्म | ६०० | |
| ५ | २० लाख १ देखि माथी | १००० | |

**च) शिसा फ्रेम कार्पेट, सजावटका सामान र जनरल गुड्सहरु**

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ३०० | |
| २ | १ लाख १  देखि ५ लाख सम्म | ६०० | |
| ३ | ५ लाख १  देखि १० लाख सम्म | १००० | |
| ४ | १० लाख १ देखि २० लाख सम्म | २००० | |
| ५ | २० लाख १ देखि माथि | ३००० | |

**२ सुती कपडा रेडिमेड कपडा आदि व्यावसाय**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख देखि ३  लाख सम्म | ८०० | |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | १००० | |
| ३ | ५ लाख १ देखि  १५ लाख सम्म | १२०० | |
| ४ | १५ लाख १ देखि ३० लाख सम्म | २००० | |
| ५ | ३० लाख १ देखि १ करोड सम्म | ३००० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ४००० | |
| ७ | ५ करोड भन्दा माथी | ५००० | |
| ८ | कुम्ले व्यापारी | १००० | |

**३ विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा :**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | एम.डि डाक्टर | १००० | |
| २ | एम.वि.वि.एड पशु डाक्टर | ५०० | |
| ३ | पशु सहायक | १०० | |
| ४ | कविराज होमियोपेथिक आयुर्वेद डाक्टर | ५०० | |
| ५ | सर्जिकल समान खुद्रालाई | ५०० | |
| ६ | औषधि पसल थोकलाई | १००० | |
| ७ | सर्जिकल सामान थोकलाई | १००० | |
| ८ | भिडियो एक्सरे | ५०० | |
| ९ | कविराज होमियोपेथिक आयुर्वेद अहेव | ५०० | |
| १० | शारीरिक व्याम सामाग्री विक्रि | ५०० | |
| ११ | औषधि पसल | १००० | |

**ख) टेलिचलचित्र, वृत्तचित्र निर्माण परामर्श सेवा अनुसन्धान तथा परामर्श दाता, अनुवादक, छापाखाना प्रेस स्क्रिन प्रिन्ट आदि)**

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख देखि ३ लाख सम्म | १००० | |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | १५०० | |
| ३ | ५ लाख १ देखि १५ लाख सम्म | २००० | |
| ४ | १५ लाख १ देखि २० लाख सम्म | २५०० | |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ३००० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ३५०० | |
| ७ | ५ करोड भन्दा माथि | ७००० | |

### ग) केवल नेटवर्क तर्फ

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ५०० ग्राहक सम्म | ३००० | |
| २ | ५०० देखि १००० ग्राहक भएको | ५००० | |
| ३ | १००० भन्दा माथि ग्रहक भएको हकमा | प्रति ग्राहक १.५% | |

### घ) लेखापरिक्षक

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | श्रेणि क | १०००० | |
| २ | श्रेणि ख | ६००० | |
| ३ | श्रेणि ग | ३००० | |
| ४ | श्रेणि घ | १५०० | |

### ङ) कानुन व्यवसायी

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | बरिष्ठ अधिवक्ता | २५०० | |
| २ | अधिवक्ता | १५०० | |
| ३ | अभिवक्ता | १००० | |
| ४ | लेखापढि व्यबसायी | २५०० | |

### च) अन्य सेवा वा फर्म

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | वीमा एजेन्ट विदेशी | ३००० | |
| २ | वीमा एजेन्ट स्वदेशी | २००० | |
| ३ | विज्ञापन एजेन्सी | २००० | |

| | | | |
|---|---|---|---|
| ४ | शेयर दलाल | ५००० | |
| ५ | अभिकर्ता | ५०० | |
| ६ | कानुनि फर्म | २००० | |

**छ) निर्माण व्यावसायी**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | श्रेणि क | १२००० | |
| २ | श्रेणि ख | ८००० | |
| ३ | श्रेणि ग (भवन निर्माणकर्ता ठेकेदार समेत) | ४००० | |
| ४ | श्रेणि घ (भवन निर्माणकर्ता ठेकेदार समेत) | ३००० | |

दर्ता भई श्रेणी अनुसार अनुसार अनुमति प्राप्त नगरेका अन्य निर्माण व्यवसायीहरुबाट निम्नानुसार वर्गीकरणको आधारमा गाँउपालिकाबाट अनुमति लिएर व्यवसाय गर्ने र निम्नानुसार कर लिने

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | श्रेणि क | २५०० | |
| २ | श्रेणि ख | १५०० | |
| ३ | श्रेणि ग | १००० | |

**ज) कुटानी पिसानी व्यावसायीको हकमा**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | पिसानी मात्र | ३०० | |
| २ | कुटानी मात्र | ३०० | |
| ३ | पेलानी मात्र | ४०० | |
| ४ | चिउरा | ५०० | |
| ५ | मसला बेसार | ३०० | |

| | | | |
|---|---|---|---|
| ४ | विक्री वितरण | ४०० | |
| ५ | कुटानी, पिसानी, पेलानी तीनवटै भए | ८०० | |

**पर्यटन सेवा व्यवसाय**

**आवास, लज, होटेल फाष्टफुड रेष्टुरा रिसोर्ट ट्राभल्स एजेन्सी स्विमिङ पुल**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | सानो ग्रामिण स्तर चिया पसल वा ५० हजार लगानी भएको होटेल | ३०० | |
| २ | ५० हजार देखि १ लाख सम्म | ५०० | |
| ३ | १ लाख देखि २ लाख सम्म | ८०० | |
| ४ | २ लाख देखि ५ लाख सम्म | १००० | |
| ५ | ५ लाख देखि २० लाख सम | १५०० | |
| ६ | २० लाख देखि माथि | २५०० | |
| ७ | रिसोर्ट हरुको हकमा | ३००० | |

**संचार सेव एफ.एम समेत**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | |
| २ | १ लाख देखि २ लाख ५० हजार सम्म | ६०० | |
| ३ | २ लाख ५० हजार भन्दा माथी | ८०० | |
| ४ | एफ.म रेडियो प्रसारण | १००० | |
| ५ | मोवाईल टावर ठुलो | ५००० | |
| ६ | मोवाईल टावर सानो | २००० | |

**वित्तीय सेवा**

| क्र.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | निजि क्षेत्र द्वारा संचालित वाणिज्य वैंक विदेशि बिमा कम्पनि | ५००० | |
| २ | बिकास वैंक | ३५०० | |
| ३ | बित्तिय कम्पनिको मुख्य कार्यालय र लघु वित्त | २५०० | |
| ४ | विमा कम्पनि र मनि ट्रान्सफर | १५०० | |
| ५ | १ करोड सम्म कारोवार भएका सहकारी | १००० | |
| ६ | १ करोड देखि ३ करोड सम्म भएका सहकारी | २००० | |
| ७ | ३ करोड देखि ५ करोड सम्म | ३५०० | |
| ८ | ५ करोड देखि माथी | ५००० | |

**स्वास्थ्य सेवा**

**गैर सरकारी अस्पताल नर्सिङ होम, क्लिनिक तथा ल्यावहरु लगायत स्वास्थ्य सेवा सँग सम्बन्धित व्यवसायहरु**

| क्र.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख सम्मको लागी | १००० | |
| २ | ५ लाख देखि २० लाख सम्मको | २००० | |
| ३ | २० लाख देखि १ करोड सम्मको | २५०० | |
| ४ | १ करोड देखि ५ करोड सम्मको | ३००० | |
| ५ | ५ करोड देखि माथी | ५००० | |

**तालिम तथा प्रशिक्षण केन्द्रहरु**

तालिम तथा अनुसन्धान , कम्प्युटर टाईपिङ्ग लगायत फोटोकपी समेत संचालन भई काम गर्ने हरुको हकमा रु.५००।- कम्प्युटर तथा प्रशिक्षण ,निजि क्षेत्र वाट दिईने शिक्षा तथा कोचिङ्ग सेन्टर आदि रु. १०००।- ।

**मर्मत सेवा**

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | टेक्टर, वस, ट्रक, ह्याविं ईक्वीमेन्ट कार, जिप सवारी डेन्टिङ मोटर पार्टस मिल मेसिनरी एयरकुलर टायर रीसोलिङ्ग डाईनामाईट | १५०० | |
| २ | मोटरसाईकल | १००० | |
| ३ | रेडियो, घडि, टि.भि, आदी ईलेक्ट्रोनिक सामान | ३०० | |
| ४ | ग्यास चुलो सेल्स पम्प टायर पम्प पञ्चर ग्यास विलडिङ वक्सा मर्मत गर्ने साईकल रीक्सा लुगा सिउने मेसिन अन्य फोटोकपि ब्याग | ५०० | |

**अन्य सेवा**

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | वैदेशिक रोजगारमा पठाउने संस्था हाउजिङ्ग कम्पनि | ५००० | |
| २ | उद्योग संघसंस्था  आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | १००० | |
| ३ | कलर ल्याब | १००० | |
| ४ | घरजग्गा खरीद विक्रि | ४००० | |
| ५ | विज्ञापन सेवा फोटो स्टुडियो | १००० | |
| ६ | ब्युटिपार्लर, केश श्रृगार, साईन वोर्ड पेन्टीङ्ग, सैलुन, नर्सरी | १००० | |
| ७ | मासु (खसि, कुखुरा, रागा, वंगुर आदी) खुद्रा विक्रेता | १००० | |
| ८ | मासु (खसि, कुखुरा, रागा, वंगुर आदी) थोक विक्रेता | १००० | |
| ९ | पंचेवाजा | निशुल्क | |
| १० | वेण्डवाजा | ५०० | |
| ११ | सित भण्डार | १००० | |
| १२ | टेण्ट हाउस | १००० | |
| १३ | हाफ क्याटरीङ्ग | १००० | |
| १४ | साईवर क्याफे | ५०० | |

| | | | |
|---|---|---|---|
| १५ | एग्रोभेट | ५०० | |
| १६ | कवाडी पसल थोक | १००० | |
| १७ | कवाडी पसल खुद्रा | ५०० | |
| १८ | ढुवानी सेवा शाखा भएका | १००० | |
| १९ | ढुवानी सेवा शाखा नभएका | ५०० | |
| २० | खानामात्र विक्रि होटेल | ५०० | |
| २१ | सेटरिङ व्यवसाय | १००० | |
| २२ | १ मेशिन राखी कपडा सिलाई गर्ने | ५०० थप एक मेसिन वरावर १०० | |
| २३ | खाद्यान्न सम्बनिध काँटा व्यवसाय | ५०० | |
| २४ | पेट्रोलियम पद्धार्थ वेच्ने पम्प | न्यूनतम ११००० प्रति मेशिन थप ३००० | |
| २५ | ग्यास विक्रि डिलर र खुद्रा | ३००० र ५०० | |
| २६ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी हेल्थकेयर कृतिम गहना,समेत खुद्रा विक्रेता | १००० | |
| २७ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी हेल्थकेयर, कृतिम गहना, समेत थोक विक्रेता | १५०० | |
| २८ | डिपार्टमेन्टल स्टोर, रेष्टुरेण्ट वेकरी सहितको | ५००० | |
| २९ | डिपार्टमेन्टल स्टोर | १०००० | |

**उद्योग**

क्यारेट उद्योग,चाउमिन उद्योग, ह्याचरी उद्योग, ग्रिल उद्योग, दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधि उद्योग, उत्पादन मुलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्रि चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग , वरफ उत्पादन, झुल तथा पर्दा उत्पादन, तारजाली उत्पादन , नानोकन उद्योग, काष्ट उद्योग, डेरी उत्पादन, फर्नीचर उद्योग, क्रसर उद्योग आदी वनाउने उद्योग, निमार्ण उद्योग, खनिज उद्योग, सेलर तथा उर्जा मुलक उद्योग लगायतका अन्य दर्ता हुन आउने उद्योगहरुको हकमा ।

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ३ लाख सम्म | ५०० | |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | १००० | |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | १२०० | |
| ४ | १० लाख १ देखि २० लाख सम्म | १५०० | |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ३००० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | १०००० | |
| ७ | ५ करोड भन्दा माथि | २०००० | |

माथि उल्लेखित व्यवसायको हकमा अन्य निकायलाई गरिने सिफारिस वापतको दस्तुर थप लाग्ने छ । उल्लेखित सिफारिस वापतको दस्तुर तोकिए बमोजिम हुनेछ । माथि उल्लेखित नभएका अन्य उद्योग हरुका हकमा गाउँसभाले पारीत गरेका दररेटहरुलाई नै मान्यता दिईने छ ।

**वर्गीकरण नखुलेका व्यवसायहरु**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | आलु हरियो तरकारी थोक विक्री | ५०० | |
| २ | खुद्रा तरकारी फलफुल पान पसल | २०० | |
| ३ | माछा मार्ने पेशेवर (व्यवसाय) | १००० | |

## अनुसूची : ५

### जडीबुडी, कवाडी र जीवजन्तु कर

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | उन | ५० | |
| २ | खोटो प्रति के.जी. | १ | |
| ३ | टिमुर प्रति के.जि | १ | |
| ४ | तेजपात प्रति के.जि. | ०.५० | |
| ५ | दालचिनी प्रति के.जि. | १ | |
| ६ | चिउरी विया प्रति के.जि. | ०.५० | |
| ७ | कुरीलो | १ | |
| ८ | अन्य | ०.५०-१ | |
| ९ | वनकस(प्रतिक्वीन्टल) | १० | |
| १० | प्रचलित कानुनले निषेध नगरेको मृत जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तु | रु ५० देखि १००० सम्म | |
| ११ | प्रचलित कानुन बमोजिम निषेधित गरिएका जडिवुटी प्रति के.जी. | १ | |

## अनुसूची : ६

### सवारी साधन कर

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाईकल , स्कुटर | ५० | माण्डवी गा.पा क्षेत्रमा स्थाई वसोवास गर्ने नागरिकको हकमा मा वार्षिक सवारी साधन कर लिईने छ । माण्डवी गा.पा मा अस्थाई वसोवास गर्नेका हकमा वार्षिक सवारी कर लिईने छैन तर त्यस्ता करदाताहरुलाई रु ५० लिई परीचय पत्र दिईने छ । जुन वार्षिक रुपमा नविकरण गर्नु पर्ने छ । |
| २ | निजी जिप, कार, अटो रिक्सा र टेम्पो | १०० | |
| ३ | भाडाको जिप | २०० | |
| ४ | टेक्टर | ३०० | |
| ५ | ठुलो गाडी, बस, ट्रक | १०० | |
| | | | |

**गा.पा ले लगाउने पटके सवारी कर**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | निजि तथा भाडामा वस,ट्रक, ट्रयाक्टर लहरीमा प्रति पटक | २० | |
| २ | निजि तथा भाडाका कार, जिप , भेन प्रति पटक | १५ | |
| ३ | विदेशि नं. प्लेट भएका १ बमोजिमका सवारी साधन को हकमा | १०० | |
| ४ | विदेशि नं. प्लेट भएका २ बमोजिमका सवारी साधन को हकमा | २०० | |

# अनुसूची : ७

## विज्ञापन कर

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | होडिङ्ग वोर्ड प्रति वर्ग फिट | २० | |
| २ | फ्ल्यास वोर्ड प्रति वर्ग फीट | १० | |
| ३ | भित्ते लेखन प्रति वर्ग फिट | ५ | |
| ४ | माथि उल्लेखित प्रकरण वाहेकका हकमा प्रति वर्ग फिट | १० | |

**अन्य विषयहरु**

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | व्यानर प्रति मिटर | ४० | |
| २ | व्यानर व्यापारिक प्रति गोटा | १० | |
| ३ | गेट राख्न गा.पा को स्वीकृति लिएर प्रति मिटर | १०० | |
| ४ | प्रचार प्रसार रिक्सावाट माईकिङ गर्दा प्रति दिन | ५० | |
| ५ | प्रंचार प्रसार गाडी वाट | १०० | |
| | राजनितिक दल र सुचना मुलक प्रचार प्रसार शुल्क लिइने छैन । | | |

## अनुसूची : ८

### मनोरञ्जनात्मक कर

माण्डवी गा.पा का लागि रु १००००।- मनोरञ्जन कर ऐतिहासिक पुरातात्वीक एवं धार्मिक स्थल हरुको व्यवस्थापन गरी स्थानीय वासीहरुको सहकार्यमा प्रवेश शुल्कको व्यवस्था गरी पर्यटकहरु वाट प्रवेश शुल्कको २% रकम गा.पा ले मनोरञ्जन कर वापत लिन सक्नेछ ।

– साँस्कृतिक प्रदर्शन हल, नाच घर , दोहारी संगीत तथा अन्य मनोरञ्जन सामग्री प्रदर्शनीमा प्रवेश शुल्क मा २ प्रतिशत मनोरञ्जन कर लाग्ने छ ।

– जादु, सर्कश, चटक र मेला आयेजना स्थलमा मनोरञ्जन कर वापत अनुमति का लागी गरीने सिफारिसका दस्तुरका अतिरीक्त प्रत्येक दिन रु २००।- लिईने छ ।

## अनुसूची : ९

### वहाल बिटौरी कर

माण्डवी गा.पा क्षेत्रभित्र लाग्ने दैनिक गुट्री/हाटवजार/साप्ताहिक हाटवजारमा प्रति दिन देहायका दरले कर लाग्नेछ ।

| क.सं | विषय | विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | माछा मासु विक्रि सम्वन्धि | खसि वोका काटी विक्रि गर्ने पसलमा प्रति गोटा | १० | |
| | | संगु वंगुर काटी विक्रि गर्ने पसलमा प्रति गोटा | १० | |
| | | राँगा काटी विक्रि गर्ने | २० | |
| २ | कपडा तथा जुत्ता सम्वन्धि व्यवसाय | रेडिमेट सामान र थान कपडा विक्रि गर्ने पसल | १० | |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल ठुलो | १० | |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोची | ५ | |
| ३ | तरकारी तथा फलफुल व्यवसाय | फलफु नास्ता ठेलामा राखी विक्रि गर्ने | १० | |
| | | सागसब्जी डोकामा ल्याई वेच्ने | ५ | |
| | | भारमा सव्जी ल्याआई वेच्ने | ५ | |
| | | सिजन अनुसार साग सव्जी आलु ल्याई वेच्ने ठुलो | १० | |
| | | सिजन अनुसार साग सव्जी आलु ल्याई वेच्ने सानो | ५ | |
| | | फलफुल साग सव्जी वयल गाडा | १० | |
| | | फलफु साग सव्जी प्रति वोरा र अन्य सानो फलफुल पसल | ५ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | खाद्यान्न सँग सम्वन्धित | चामल दाल अदुवालसुन खुर्सानी आदी विक्रि गर्ने पसल | १० | |
| | | मकै पोली वेच्ने | ५ | |
| | | किराना पसल | १० | |
| | | माछा मासु तरकारी बिक्रि गर्ने | १० | |
| ५ | परम्परागत शिप सँग सम्वन्धित | माटाका भाडा वेच्ने पसल ठुलो | १० | |
| | | माटाका भाडा वेच्ने पसल सानो | ५ | |
| | | कुचो कुनिया नाँलो वेच्ने | ५ | |
| | | जडिवुटि विक्रि गर्ने कपाल काट्ने | १० | |

**माण्डवी गा.पा भित्र लाग्ने दैनिक हाटवजार, साप्ताहिक हाटवजार प्रति दिन देहायका दरले लाग्ने छ ।**

| क.सं | विषय | विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पशुपंक्षी विक्रीसँग सम्वन्धित | जिउदो खसि वोका राँगा संगुर वेच्नेलाई प्रतिगोटा | २० | एउटा मात्र हाँस परेवा कुखुरा वेच्ने लाई कर नलाग्ने |
| | | हाँस परेवा वेच्नेलाई | १० | |
| २ | अन्य व्यवसाय सँग सम्वन्धित कर | चुरा धागो टिका श्रृगारका सँग सम्वन्धित | ५ | |
| | | मुरली वासुरी गुलेली थैली जुम्रा उडुस मार्ने औषधि वेच्ने | ५ | |
| | | खेल तमासा देखाउनेलाई | १० | |
| | | प्रचार प्रसार गरी व्यवसाय गर्ने | २० | |
| | | वास प्रति वयल गाडा | १० | |
| | | वास प्रति ट्रक | १०० | |
| | | खरीयामा सामान राखी वेच्ने | ५ | |
| | | फलामको औजार तथा सामान वेच्ने | १० | |
| | | भाडाकुडा पसल | २० | |
| | | फोटो ,ऐना फ्रेमिङ्ग | १० | |
| | | मर्मत (कुकर लाईट,छाता आदि) | १० | |

**माथि उल्लेख नभएको व्यवसायको हकमा गा.पा ले निर्णय गरी रु १० देखि ५०० सम्म लिन सक्नेछ।**

## अनुसूची : १०

**पार्किङ्ग शुल्क**

| सि.नं | विवरण | करका दर (रु) | कैफियत |
|---|---|---|---|
| १ | वस, ट्रक, लरी अन्य हेवि गाडी (प्रतिपटक) | २० | |
| २ | माईको कार अन्य साना गाडी (प्रतिपटक) | १० | |
| ३ | विदेशी वस , ट्रक, लरी अन्य हेवी गाडी | ५० | |
| ४ | विदेशी माईको कार , जिप अन्य साना गाडी | ४० | |
| ५ | ठेला रिक्सा भ्यान पटके | ५ | |

## अनुसुचि ११

**र्‍याफ्टिङ्ग र ट्रेकिङ्ग कर**

यस माण्डवी गा.पा ले यस गा.पा भित्र र्‍यापटिङ्ग र ट्रेकिङ्ग गरे वापत निम्नअनुसार कर लगाउने छ।

| क्र.सं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | र्‍यापटिङ्ग प्रतिपटक | १० | |
| २ | ट्रेकिङ्ग प्रतिपटक | १० | |

# अनुसुचि १२

## सेवा शुल्क, सिफारिस दस्तुर तथा दण्ड जरीवाना

**यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको विभिन्न प्रकृतिका तपशिल बमोजिमका सेवा शुल्क लिइने छ।**

| क्र.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | अचल सम्पत्ति मुल्याङ्कन सेवा सुल्क | प्रति लाख रु ५० | |
| २ | आयश्रोत मुल्याङ्कन सेवा सुल्क | प्रति लाख रु १०० | |
| ३ | गा.पा को हल भाडा सेवा सुल्क | रु ५०० | |
| ४ | गा.पा हल भाडा प्रोजेक्टरसहित | रु १५०० | |
| ५ | सार्वजनिक शौचालय प्रयोगमा | दिशा रु १० पिसाब रु ५ | |
| ६ | गा.पा साउण्ड सिस्टम सहित | रु ५०० | |
| ७ | फोरमैला व्यवस्थापन सेवा शुल्क | गा.पा ले तोकेबमोजिम | |
| ८ | अन्य सेवा सुल्क | सेवाको प्रकृति हेरी रु ५०– १०००। सम्म | |

**यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको विभिन्न प्रकृतिका तपशिल बमोजिमका सिफारिस शुल्क लिइने छ।**

| क्र.सं. | बिषय | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | घर र जग्गा सम्वन्धी सिफारिस | अपुताली सिफारिस दस्तुर | १००० | एक रोपनी भन्दा माथी प्रति रोपनी थप रु ३०० |
| | | निवेदन दस्तुर | १० | |
| | | पक्की घर प्रमाणित | ३०० | |
| | | कच्ची घर प्रमाणित | १०० | |
| | | वसोवास प्रमाणित | १५० | |
| | | व्यावसायिक घर कोठा खोल्ने | ४०० | |
| | | आवासिय घर कोठा खोल्ने घर नामसारी | २०० | |
| | | हकभोग तथा जोतभोग र छुट दर्ता सिफारिस | ३०० | १ रोपनी भन्दा वढिका लागी |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रतिरोपनि थप १०० |
| | | साना घरेलु उद्योगमा आगलागी सिफारिस | ५०० | विमा प्रयोजनका लागी लिने अन्यका लागी निशुल्क |
| | | मझौला उद्योगमा आगलागी सिफारिस | २००० | विमा प्रयोजनका लागी लिने अन्यका लागी निशुल्क |
| | | ठुला उद्योगमा आगलागी सिफारिस | ५००० | विमा प्रयोजनका लागी लिने अन्यका लागी निशुल्क |
| | | सर्वसाधारणको घर टहरा आगलागी सिफारिस | निशुल्क | |
| | | नक्सापास किताब दस्तुर | ५०० | |
| | | संघसंस्थाको वैंक खाता खोल्दा सिफारिस | २०० | |
| | | रीक्सा ठेलाको ब्लु वुक दस्तुर | २५० | |
| | | व्यवसाय प्रमाणपत्र दस्तुर | १५० | |
| | | पक्की घर कायम सिफारी वा निर्माणाधिन रहेको सिफारिस | प्रतिवर्ग फुट ०.५० पैसा | |
| | | टिनको छाना भएको कच्ची घर कायम सिफारिस | २०० | |
| | | कच्ची घर सिफारिस | १०० | |
| | | वैदेशिक रोजगारीमा मृत्यु हुनेको सिफारिस | निशुल्क | |
| | | नम्वरी जग्गाको रुख काट्ने सिफारिस | ५०० | १ भन्दा वढि रुख भए प्रति रुख २०० थप |
| | | सहुलियत काठको सिफारिस | १००० | दाउराको प्रयोजनको लागी भए प्रति ट्रयाक्टर रु १००० |
| | | संस्थाको किटान भए जिंगट | प्रति रुख १०० | |
| | | सिसौ | ,, ,, २०० | |
| | | आप | ,, ,, २०० | |
| | | सिमल | ,, ,, ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | | साज असना जामुन खयर | ,, ,, ४०० | |
| | | अन्य | ,, ,, २०० | |
| | | विद्युत सीगंल फेज सिफारिस | २०० | सुकुम्वासि समेतको हकमा |
| | | विद्युत थ्रिफेज सिफारिस | ५०० | |
| | | बिद्युत टान्सफरर्मर जडान सिफारिस | २००० | |

**उद्योग लगायतका सिफारिसहरु**

| क्र.सं. | विषय | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग दर्ता सिफारिस | चाउचाउ उद्योग | १५०० | |
| | | बिष्कुट उद्योग | १५०० | |
| | | चप्पल उद्योग | १५०० | |
| | | सलाई उद्योग | १५०० | |
| | | प्लाई उद्योग | ३००० | |
| | | सस उद्योग | ५०० | |
| | | कपडा उद्योग | ६०० | |
| | | वरफ उद्योग | ६०० | |
| | | कपडा रिफइन उद्योग | ६०० | |
| | | कन्फेसनरी उद्योग | २००० | |
| | | काष्ठ उद्योग | ३००० | |
| | | समिल सहितको काष्ठ उद्योग | ५००० | |
| | | फर्निचर उद्योग | २००० | |
| | | ग्यारेज | १००० | |
| | | पेट्रोल पम्प | १०००० | |
| | | मट्टीतेल डिलर | २५०० | |
| | | स्टेशनरी उद्योग | २५०० | |
| | | डिस्टीलरी | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| | | हल्का पेय पद्धार्थ | २००० | |
| | | पलाष्टीक उद्योग | ३००० | |
| | | पाउरोटी उद्योग | १००० | |
| | | ग्रिल उद्योग | १५०० | |
| | | गलैचा उद्योग | ५००० | |
| | | गार्मेन्ट उद्योग | ३००० | |
| | | क्रसर उद्योग | ७००० | |
| | | भुजिया उद्योग | १००० | |
| | | ईट्टा उद्योग आधुनिक भट्टाजडित | ७००० | |
| | | ईट्टा तथा टायल आधुनिक यन्त्र जडान नगरेको | ५००० | |
| | | पशु आहार | १००० | |
| | | तामा आल्मुनियम जस्ता धातु उद्योग | १००० | |
| | | प्रेस वाहेक प्रिन्टिङ | २५०० | |
| | | जुस उद्योग | १००० | |
| | | चुरोट विडि | ५००० | |
| | | वेदवास फिर्निचर | ५००० | |
| | | लुव्रिकेन्ट उद्योग | २०००० | |
| | | माथी उल्लेखित नगरीएको उद्योगका हकमा | | गाँउ कार्यपालिकाको निर्णय बमोजिम |
| २ | निजी शिक्षण संस्था दर्ता एवं अन्य कामका लागि सिफारिस | पुर्व प्राथामीक | ३००० | |
| | | प्राथामीक | ५००० | |
| | | निम्न माध्यामीक | ७५०० | |
| | | माध्यामीक | १०००० | |
| | | क्याम्पस | २०००० | |
| | | प्राविधिक शिक्षण संस्था | १०००० | |
| | | स्तर वृद्धि सिफारिस | ५००० | प्रति संकाय |

**ब्यवसाय दर्ता नविकरण शुल्क – दर्ता शुल्कमा लागेको शुल्कमा २५ प्रतिशत लिने ।**

**घर नक्सा पास दस्तुर :**

| क्र.सं. | बिषय | विवरण | दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | घर नक्सा पास दस्तुर | १००० वर्ग फुट सम्म नक्सापास गर्दा प्रति वर्ग फुट | १ | पटक पटक गरी नक्सापास गर्नेका हकमा कुल क्षेत्रफलका आधारमा कुन वर्गमा पर्ने हो सो निर्धारण गरी सोही वर्गको कर लगाउने |
| | | १००१-१५०० सम्म को लागी | १.५ | नक्सा संसोधन गर्दा कुल वुझाउनुपर्ने दस्तुर थप ३०% दस्तुर लिईने छ । |
| | | १५०१ -२५०० वर्ग फुट सम्मको प्रति वर्ग फुट | २ | |
| | | २५०१ -४००० सम्मको प्रति वर्ग फुट | ४ | |

| क्र.सं. | बिषय | विवरण | दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | घर नक्सा पास दस्तुर | ४०० देखि माथी जतिसुकै भएपनि | ६ | |
| | | पर्खाल प्रति रनिङ फिट | ७ | |
| | | काठको घर वा गोठ घर प्रति वर्गफुट | ० | गा.पा.को निर्णय |
| | | भुई तलामा पक्की दिवाल भई टिनको छाना भएको | १ | |
| | | गा.पा घोषण हुनुपुर्व निर्माण भएको घरहरुको हकमा | | गा.पा ले तोकेको समयभित्र नक्सा पास नगराएमा तोके बमोजिम जरीवाना हुने छ । आ.ब ०७३/०७४ भित्र गा.पा घोषण हुनुपुर्वका घर नक्सा पास नगराएमा ०७४/०७५ का लागी पारीत कर लाग्ने छ । र जरीवाना वापत २५% दस्तुर |

| | | | | |
|---|---|---|---|---|
| | | | | लाग्ने छ । |
| २ | घर नक्सा नामसारी दस्तुर | १००० वर्ग फिट सम्मको घर नक्सा नामसारी | ५०० | घर जग्गा धनिको मृत्यु भई प्रचलित कानुन बमोजिम एका संगोलका परीवारमा नामसारी गर्नपर्दा १००० वर्गफिट सम्मको घरमा रु ३०० सो भन्दा माथी जतीसुकै भएपनि १००० लिईने छ । |
| | | १००१ देखि २००० वर्ग फिट सम्म | १००० | |
| | | २००१ – ३००० सम्म | १५०० | |
| | | ३००१ – ४००० सम्म | २००० | |
| | | ४००१ – ५००० सम्म | २५०० | |
| | | ५००० देखि माथी प्रति वर्गफुट | १ | |
| ३ | घर जग्गा निरीक्षण तथा सर्जिमनि दस्तुर | | ४०० | गा.पा ले भवन संहिता लागु गरेपछि वा सो पुर्व परामर्श दाता वा छुट्टै कर्मचारीवाट नक्सा र निर्मित घरको भेरीफिकेसन संहिता पालनाका विषयमा फिल्डमा सहजिकरण गरेवापत छुट्टै तोकिएको दस्तुर लाग्ने छ । |

**अन्य दस्तुर**

| क.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | लेआउट दस्तुर | १५० | |
| २ | सार्वजनिक पुर्वाधार मर्मत दस्तुर | ० | |
| ३ | थ्रिफेज लाईनजडान सिफारिस | ० | |
| ४ | खानेपानीको धारा जडान | २०० | |
| ५ | संस्था दर्ता सिफारिस | ५०० | |
| ६ | सिनेमाहल खोल्ने सिफारिस | १०००० | |

| | | | |
|---|---|---|---|
| ७ | मेला सर्कस अनुमति सिफारिस | २००० | |
| ८ | नक्सापास सम्वन्धि प्रमाणपत्र प्रतिलिपि | ३०० | |
| ९ | घरको नक्साको प्रतिलिपि | ३०० | |
| १० | अन्य प्रमाणपत्र | ३०० | |
| ११ | एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि | २० | |

**अन्य सिफारिसहरु**

| क.सं. | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित गर्ने | २५० | |
| २ | जन्ममिति प्रमाणित गर्ने | २०० | |
| ३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | ४०० | |
| ४ | अंग्रेजि माध्याम सिफारिस तथा प्रमाणित | २०० | |
| ५ | वसाईसराई प्रमाणित | ५०० | |
| ६ | मृत्यु प्रमाणित | २०० | |
| ७ | घरपाताल प्रमाणित | २०० | |
| ८ | व्यक्तिगत विवरण प्रमाणित | २०० | |
| ९ | जिवितसँगको नाता प्रमाणित | २५० | |
| १० | हकवाला वा हकदार प्रमाणित | २०० | |
| ११ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने | २०० | |
| १२ | कागज र मञ्जुरीनामा प्रमाणित गर्ने | २०० | |
| १३ | आर्थिक अवस्था कमजोर तथा विपन्नता प्रमाणित वा आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | २०० | विपन्नता लाई नलिने |
| १४ | नागरीकता तथा नागरीकताको प्रतिलिपि लिन को लागी सिफारिस गर्ने । | १६० | |
| १५ | वहालकर को लेखाजोखा प्रमाणित | २०० | |

| | | | |
|---|---|---|---|
| १६ | मोही लगत कट्टी को सिफारिस | २०० | |
| १७ | घर जग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने | २०० | |
| १८ | व्यापारव्यवसाय वन्द भएको वा हुदै नभएको सिफारिस | २०० | |
| १९ | मिलापत्रको कागजात गराउने निवेदन दर्ता सिफारिस | २०० | |
| २० | निशुल्क वा सशुल्क स्वस्थ्य उपचारको सिफारिस गर्ने | १५० | निशुल्क लाई नलिने |
| २१ | समुह दर्ता सिफारिस | २०० | |
| २२ | घरवाटो सिफारिस | | |
| | पक्की सडक ,पलर्टिगं ,बायखोलादेखि चेरनेटा, जस्पुर, देविस्थान, गने खोला पक्की सडक, बजारक्षेत्र | ५०० | |
| | भित्री बाटो ,अन्य क्षेत्र | २५० | |
| २३ | पुर्जामा घरकायम गर्ने सिफारिस | २५० | |
| २४ | नाम वा जन्ममिति संसोधन सिफारिस | २०० | |
| २५ | जग्गाधनि पुर्जा हराएको सिफारिस | २०० | |
| २६ | कित्ताकाट गर्ने सिफारिस | २०० | |
| २७ | नामसारी गर्ने सिफारिस | २५० | |
| २८ | जग्गाको हक सम्वन्धमा सिफारिस | २०० | |
| २९ | मृतकसँगको नाता प्रमाणित तथा सिफारिस | २५० | |
| ३० | उद्योग ठाँउ सारी गर्ने सिफारिस | ५०० | |
| ३१ | जिवित रहेको सिफारिस | ३०० | |
| ३२ | विद्यालय खोल्ने सिफारिस | १००० | |
| ३३ | विद्यालयको कक्षा थप गर्न सिफारिस | १००० | |
| ३४ | विद्यालय ठाउँ सारी गर्न सिफारिस | १००० | |
| ३५ | पालनपोषणको लागी सिफारिस | २०० | |
| ३६ | वैवाहिक अंगिकृत नागरीकता सिफारिस | १००० | |
| ३७ | साधारण सिफरिस | २०० | |
| ३८ | कोठा खोल्न रोहवरमा वस्न सिफारिस | १५० | |

| | | | |
|---|---|---|---|
| ३९ | प्रचलित कानुन बमोजिम प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने | ५०० | |
| ४० | पेन्शन सिफारिस भारत मुलुक नेपालको लागि | १००० र ५०० | |
| ४१ | उल्लेखित काममा थप मुचुल्का गर्नु परेमा | २०० | फिल्डमा जाँदा ५०० |

**दण्ड जरिवाना**

| क.सं. | विवरण | कर रु. | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएकाव्यत्तिगत घटना दर्ता | निशुल्क | |
| २ | ३५ दिन नाघी दर्ता हुने व्यक्तिगतघटना दर्ता | १०० | अन्यत्र बाट वसाईसराई गरी आएका र वसाईसराई सर्नुपुर्व अन्यत्रबाट व्यतिगत घटना दर्ता गर्नुपर्नेमा सो नगरी वसाईसरी सो पछि यस गा.पा मा दर्ता हुने व्यक्तिगत घटना दर्ताको हकमा जुन ठाँउ बाट बसाइसरी आएको हो उक्त ठाँउ बाट दर्ता गरि आउन सुभ्काब दिने |
| ३ | गा.पा घोषणा हुनु पुर्व वनेका संरचनाको हकमा | ५०० | घर जग्गा सम्बन्धी |
| ४ | नक्सापास नगरी २ लेवल सम्म भौतिक संरचना निर्माण गरेमा | ३५% थप | घर जग्गा सम्बन्धी |
| ५ | नक्सापास नगरी २ लेवल भन्दा माथी निर्माण गरेमा | ७०% थप | घर जग्गा सम्बन्धी |
| ६ | नक्सापास नगरी घरनिर्माण सम्पन्न गरेमा | सतप्रतिशत | |
| ७ | निश्चीत तला वा निश्चीत डिजाईनको अनुमति लिई सो भन्दा फरक वनि वा फरक घर निर्माण गर्नेको हकमा | ७० % थप | प्रस्तावित जरीवानामा नक्सा संसोधनको जरीवाना समावेश गरीएको छैन |
| ८ | घर निर्माण गर्दा सामान जथाभावि सडकमा | १००–१५०० | सडकमा पुगेको अवरोध र क्षेतीको आधारमा |

| | | | |
|---|---|---|---|
| | थुपार्नेका हकमा | | |
| ९ | निषेधित क्षेत्रमाफोहोर  फाल्नेको हकमा | १००–१५०० | निषेधित क्षेत्र गा.पा ले तोक्ने सोको सुचना स्थानीय रेडियो र पत्रपत्रिका र सार्वजनीक मार्फत जनकारी गराईने छ । |
| १० | निशेधित प्लाष्टिक प्रयोग गर्नेका हकमा | १००–५०० | प्लाष्टीक निषेधित क्षेत्र घोषणा भएपछि कार्यान्वयनहुने र सो को सुचना स्थानीय रेडियो पत्रपत्रीका र सार्वजनीक मार्फत गराईने |
| ११ | जथाभावि चौपाया छोड्नेका हकमा | १०–५० | हाँस कुखुरा, गाई भैसि र गोरुको प्रतिगोटा ५० जरीवाना र खाना खर्च रु १०० प्रतिदिन अन्यको हकमा ५०% र उल्लेखित वाहेकका चौपायामा ३० र खाना खर्च १५ प्रतिदिन पाठापाडी लगाएतको हकमा सोको ५०%, ७ दिन भित्र सम्म चौपाया लिन नआएमा गा.पा ले लिलाम गर्ने छ । आफ्ना चौपायाहरु सार्वजनिक ठाउँमा बाध्ने जस्तै सुगुर को प्रतिगोटा रु.२०००।- |
| १२ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा १ वर्ष सम्मको वक्यौताका लागि | ३५ प्रतिशत | |
| १३ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा २ वर्ष सम्मको वक्यौताको लागि | ४५ प्रतिशत | |
| १४ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा ३ वर्ष सम्मको वक्यौताको लागि | ६० प्रतिशत | |
| १५ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा ४ वर्ष सम्मको वक्यौताको लागि | ७५ प्रतिशत | |
| १६ | मालपोत तथा एकीकृत सम्पत्तिको हकमा ५ वर्ष वा सोभन्दा माथि | १०० प्रतिशत | |

# अनुसुचि १३
## पर्यटन शुल्क

माण्डवी गा.पा. मा आउने स्वदेशी पर्यटकलाई र विदेशी पर्यटकलाई पर्यटन शुल्क लगाउने विषयमा गाउँ पालिकाले निर्णय गरी लागू गर्नेछ ।